# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## शुक्लागण्डकी नगरपालिका

तनहुँ




**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९

## शुक्लागण्डकी नगरपालिका

तनहुँ




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

## २०७९

## शुक्लागण्डकी नगरपालिका

तनहुँ

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्योंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय गण्डकी**

पत्र संख्याः २०७९।८०
च.नं. १०७ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री प्रमुख ज्यू,
शुक्लागण्डकी नगरपालिका, नगरकार्यपालिकाको कार्यालय,
तनहुँ ।

**कैफियत सहितको राय**

हामीले शुक्लागण्डकी नगरपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. नगरपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।

२. लेखापरीक्षणबाट रू ४ करोड ११ लाख १४ हजार बेरुजू देखिएको छ। सोमध्ये प्रतिक्रियाबाट रु ९३ लाख ३८ हजार फस्यौंट भई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. १ करोड ४ लाख ३२ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड ७० लाख ४४ हजार र नियमित गर्नुपर्ने रु ४३ लाख १ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु ११ करोड ७७ लाख २१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु १२ करोड १७ लाख २६ हजार रहेको छ । नगरपालिकाको **बेरुजू वर्गीकरण, अद्यावधिक बेरुजू स्थिति एवं प्रारम्भिक प्रतिवेदनको प्रतिक्रियाबाट लगत कट्टा गरिएको व्यहोरा यसैसाथ संलग्न छ ।**

३. नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। नगर कार्यपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(जयराम घिमिरे)
नायब महालेखापरीक्षक

१. चालु वर्षको बेरुजु २०७८।७९

१.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५१ | ५६ | ४१११४ | ३ | १२ | ९३३८ | ५१ | ४८ | ३१७७६ | १०४३२ | ४३०१ | १७०४४ | ० | ० | २१३४५ | ० |

**१.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण**

| **क.सं** | **प्रारम्भिक प्रतिवेदनको दफा नं.** | **छोटकरी व्यहोरा** | **रकम रु.** |
|---|---|---|---|
| १ | ७ | प्रमाण पेश भई पेश भएको आधारमा बेरुजु रु १२३४१५१७। मध्ये रु. ६०९५२५९।– सम्परीक्षण गरीएको। | ६०९५२५९ |
| २ | १९ | पाठ्यपुस्तक अनुदान वितरणको भरपाई पेश भएको | २३९९७६ |
| ३ | २३ | विभिन्न म्याद नाघेको पेश्की फर्छ्यौटको प्रमाण पेश भएको | २०१३८२८ |
| ४ | २४ | स्तरवृद्धि वापतको रकम असुल भई बेरुजु दाखिला भएको | १४२७९८ |
| ५ | ३१ | मु अ कर समायोजन प्रमाण पेश | ७२२२ |
| ६ | ७८ | बढि भुक्तानी रकम असुल भएको प्रमाण पेश | १४५४० |
| ७ | ७९ | जिल्ला दर भन्दा बढि दरको सम्वन्धमा प्रमाण पेश भएको | ३१९२० |
| ८ | ८६ | मु अ कर समायोजन प्रमाण पेश | ७९८०७ |
| ९ | ९१ | बढि तलब निकासा असुल भई बेरुजु दाखिला भएको प्रमाण पेश | ५५३३८ |
| १० | ९५ | घटि करकट्टि रकम असुल भई बेरुजु दाखिला भएको | ७०४० |
| ११ | ९७ | खैरेनी माध्यामिक विद्यालयको जिन्सि दाखिला प्रमाण पेश | ६५०००० |
| | | **जम्मा** | **९३३७७२८** |

२. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| शुक्लागण्डकी नगरपालिका तनहुँ | ११७७२१ | ० | २७७७१ | ८९९५० | ० | ३१७७६ | १२१७२६ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : शुक्लागण्डकी नगरपालिका, तनहुँ , शुक्लागण्डकी नगरपालिका , तनहुँ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | लिला बल्लभ न्यौपाने | २०७८-६-११ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | कोपिला पौडेल | २०७६-९-१६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ३१,७७६,२५० |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १९,२१,१५,०९४ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४८,३४,०४,८१८ | **चालु खर्च** | ४८,५२,२८,४९१ |
| **प्रदेश सरकारबाट अनुदान** | २,३८,३८,००० | **पूँजीगत खर्च** | ३३,५०,३४,८९६ |
| **राजश्व बाँडफाँट** | ३,४५,७१,१९८ | **वित्तीय/अन्य व्यवस्था** | १४,२६,२२,१०६ |
| **आन्तरिक आय** | २३,५०,०९,१५६ | | |
| **अन्य आय** | २१,२९,६५,३०२ | | |
| **कुल आय** | ९८,९७,८८,४७४ | **कुल खर्च** | ९६,२८,८५,४९३ |
| **बाँकी मौज्दात** | | २१,९०,१८,०७५ | |

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय**<br><br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता सह–अस्तित्व | |

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता उत्तरदायित्व पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत १२ वडा ६५ सभा सदस्य १६५ व.कि.मि.क्षेत्रफल र ४८४५६ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br><br>लेखापरीक्षणमा पेश भएको आर्थिक कारोवारसंग सम्वन्धि प्राप्त जानकारी अनुसार स्वीकृत भएको लेखापरीक्षण योजना बमोजिम विश्लेषण नमुना छनौट लिखित प्रतिनिधित्व पत्र लेखापरीक्षण नीति मानदण्ड मार्गदर्शन निर्देशन र लेखापरीक्षण सीमा समेतको आधारमा परीक्षण गरी तयार गरिएको लेखापरीक्षण प्रारम्भिक प्रतिवेदनको मस्यौदा व्यवस्थापनसंगको वहिर्गमन वैंठकमा छलफल गरी कायम भएका व्यहोरा सहितको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षण निश्कर्ष सहितको प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सम्पूर्ण जिम्मेवारी व्यवस्थापनको रहेको छ । | |
| ३ | | | **वित्तिय प्रतिवेदन** | |

| प्राप्ती भुक्तानी हिसाव | | | | | |
|---|---|---|---|---|---|
| | | यस वर्ष रु. | | | |
| विवरण | टिप्पणी | बजेट | आफैले गरेको प्राप्ति/भुक्तानी | वस्तुगत/सोझै भुक्तानी | जम्मा |
| प्राप्ती (क+ख) | | १०८४९४९४२८ | ९२२०१८८३६ | | ९२२०१८८३६ |
| क. प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | | १००८१४१९६८ | ८४२२८५००३ | ० | ८४२२८५००३ |
| ११००० कर | ११ | १५५२४२००० | १६८०९१९४३ | ० | १६८०९१९४३ |
| १३००० अनुदान | | ६६८०४१००० | ५६८७४८६८८ | ० | ५६८७४८६८८ |
| संघीय सरकार | १२ | ५८३२०३००० | ४८३४०४८१८ | ० | ४८३४०४८१८ |
| प्रदेश सरकार | १२ | २८८३८००० | २३८३८००० | ० | २३८३८००० |
| अन्तरिक श्रोत | | ६०००००० | ५१९३९७१ | ० | ५१९३९७१ |
| जनसहभागिता | | ५०००००० | ५६३११८९९ | ० | ५६३११८९९ |

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| १४००० अन्य राजस्व | | १८४५५८९६८ | १०१४८८४१० | ० | १०१४८८४१० |
| १५००० विविध प्राप्ति | | ३००००० | ३९५५९६१ | ० | ३९५५९६१ |
| ख. अन्य प्राप्ति | | ७६८०७४६० | ७९७३३८३२ | | ७९७३३८३२ |
| कोषहरु | | ७६८०७४६० | ६६६६२७९५ | ० | ६६६६२७९५ |
| धरौटी | | ० | १३०७१०३६ | ० | १३०७१०३६ |
| भुक्तानी (ग+घ) | | १२५७८७१०५९ | ८९५११८८५४ | | ८९५११८८५४ |
| ग. भुक्तानी (सञ्चित कोषबाट) | | ११८१०६३५९९ | ८२०२६३३८६ | | ८२०२६३३८६ |
| २१००० पारिश्रमिक / सुविधा | १८ | ९२७५८००० | ८०६४४९३२ | ० | ८०६४४९३२ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १८ | १७९२०५५०५ | १२५७६९७७१ | ० | १२५७६९७७१ |
| २५००० सहायता (Subsidy) | १८ | १२८१५००० | ८१२७३०८ | ० | ८१२७३०८ |
| २६००० अनुदान | १८ | २९७७१५००० | २६६६३७३५७ | ० | २६६६३७३५७ |
| २७००० सामाजिक सुरक्षा | १८ | ५४५३००० | ३६५३६८२ | ० | ३६५३६८२ |
| २८००० अन्य खर्च | १८ | १०१५००० | ३९५४४० | ० | ३९५४४० |
| ३१००० पूँजीगत खर्च | १८ | ५९२१०२०९३ | ३३५०३४८९५ | ० | ३३५०३४८९५ |
| घ. अन्य भूक्तानी | | ७६८०७४६० | ७४८५५४६७ | | ७४८५५४६७ |

<table>
<tr><th>क्रम</th><th>भौ नं</th><th>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>कोषहरु</td><td></td><td>७६८०७४६०</td><td>६६२९५०६७</td><td>०</td><td>६६२९५०६७</td></tr>
<tr><td>धरौटी</td><td></td><td>०</td><td>८५६४९८८</td><td>०</td><td>८५६४९८८</td></tr>
<tr><td>ङ. यो वर्षको बचत (न्युन)</td><td></td><td>१७२९२१६३०</td><td>२६८९९९८१</td><td></td><td>२६८९९९८१</td></tr>
<tr><td>च. गतवर्षको जिम्मेवारी</td><td></td><td></td><td>१९२११५०९४</td><td></td><td>१९२११५०९४</td></tr>
<tr><td>वर्षान्तको बाकी रकम (ङ + च)</td><td></td><td>(१७२९२१६३०</td><td>२१९०१५०७५</td><td></td><td>२१९०१५०७५</td></tr>
<tr><td>बैंक तथा नगद बाकी</td><td>२४</td><td></td><td>२१९०१८०७५</td><td></td><td>२१९०१८०७५१</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>लेखापरीक्षणको क्रममा असुली<br><br>लेखापरीक्षणको क्रममा असुलीः नगरपालिकाले तलब बढी भुक्तानी भएको रु २२०८५ । रकम लेखापरीक्षणको क्रममा असुल भई दाखिला भएको छ।</td><td></td></tr>
<tr><td>५</td><td></td><td></td><td>न्यायिक समिति<br><br>स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ५२ रहेको र यो बर्ष ४५ मुद्दा दर्ता भएकोमा २२ वटा फछ्र्यौट भई ७५ वटा विवादा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ</td><td></td></tr>
<tr><td>६</td><td></td><td></td><td>शिक्षकहरुको तलबि तथा इ हाजिरि सफ्टवेयर खरिदः<br><br>सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ अनुसार सार्वजनिक निकायले मालसामान, निर्माण कार्य वा सेवा खरिद गर्नु अघि त्यस सम्बन्धी स्पेशिफिकेशन, योजना, नक्शा, डिजाईन, विशेष आवश्यकता वा अन्य विवरणहरु तयार गर्नुपर्दछ। पालिकाले भौ नं ८३२।२०७९।०२।२३ बाट नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका शिक्षकहरुको तलब तथा इ हाजिरिको सफटवेयर खरिद गरि क्रिप्टी इनोभेसन टेक्नोलोजी प्रा लि लाई रु ४९५५०५। भुक्तानी गरेको छ। शिक्षा शाखा अन्तर्गत सम्पुर्ण विद्यालयका शिक्षकहरुको तलबि प्रतिवेदन तयारिको लागि सफटवेयर खरिद</td><td></td></tr>
</table>

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | गरेकोमा शिक्षा शाखा तथा नगरपालिका अन्तर्गतको विद्यालयमा उक्त सफ्टवेयर हालसम्म प्रयोग भएको नपाइएकोले पालिकाले उक्त सफ्टवेयर कार्यन्वयनमा ध्यान दिनुपर्ने देखिन्छ। कार्यालयले खरिद सम्झौतापूर्व खरिद सम्वन्धी आवश्यक लागत, स्पेशिफिकेशन, योजना, आवश्यकता लगायतका पक्षको विवरण तयार गरेको देखिदैन। साथै खरिद भएको सफ्टवेयरको सम्बन्धमा प्रयोगमा नआएको र हाल लेखापरीक्षणको समयमा समेत सफ्टवेयर प्रयोग नभई सम्पुर्ण विद्यालयको माग फारम तथा तलब माग कार्यहरु म्यान्युल रुपमा सम्पादन भईरहेको पाईयो। परामर्श सेवा खरिद गरी प्रयोगमा नआउदा स्रोत साधनको दुरुपयोग हुनुका साथै कामको प्रभावकारीता समेत नहुने हुन्छ। यसरी प्रयाप्त अध्ययन र तयारी वेगर सार्वजनिक कोषमा व्ययभार पर्ने गरी परामर्श सेवा खरिद गर्ने कार्यका सम्बन्धमा सरोकारवालालाई जिम्मेवार बनाउनुपर्दछ। शाखामा तथा नगरपालिका अन्तर्गतको विद्यालयमा उक्त सफ्टवेयर हालसम्म प्रयोग भएको नपाइएकोले पालिकाले उक्त सफ्टवेयर कार्यन्वयनमा ध्यान दिनुपर्ने देखिन्छ। यस सम्बन्धमा परामर्शदाताले सम्झौताका शर्तबमोजिम सिफारिस प्रणाली सुचना प्रविधिसँग आवद्ध गरी सफ्टवेयर नियमितरुपमा प्रयोग गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ। | |
| ७ | | | **सोझै खरिद**<br><br>***(प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।२४ को निर्णयबाट रु. ६०९५२५९।– सम्परीक्षण गरी रु ६२४६२५८। बेरुजु कायम गरिएको ।)*** | ० |
| ८ | 184 | २०७९-३-२० | **छात्रवृत्ति रकम बढि निकासा**<br><br>कार्यक्रम कार्यान्वयन पुस्तिकाको क्रियाकलाप नं ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृत्ति सम्बन्धमा उल्लेख भएबमोजिम IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सो का आधारमा विद्यालयहरुलाई तपसिल अनुसार छात्रवृत्ति रकम अनुदान दिने व्यवस्था छ । तर पालिकाअन्तर्गतका विद्यालयहरुलाई उपलब्ध गराएको रकम र छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरुको भरपाई भिडान गर्दा कतिपय विद्यालयहरुले छात्रवृत्ति रकम रु ३०० मात्र वितरण गरेको भरपाई पेश गरेको साथै बालविकास, कक्षा ९ र १० लाई समेत वितरण गरेको भरपाई पेश गरेकोले देहाएका विद्यालयहरुमा कक्षा १-८ छात्रवृत्ति रकम बढी निकासा गएको देखिएकोले असुल गर्नुपर्ने रु | १६,२०० |

| क्र.स. | विद्यालयको नाम | निकासा गएको रकम | भरपाईबाट देखिएको रकम | बढी निकासा रकम |
|---|---|---|---|---|
| १ | सरस्वती मा.वि. | ३४६०० | २५४०० | ९२०० |
| २ | अमरज्योती मा.वि. | १९४०० | १७६०० | १८०० |

<table>
<tr><th>क्रम</th><th>भौ नं</th><th>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३</td><td>जनकल्याण मा.वि.</td><td>६८४००</td><td>६३२००</td><td>५२००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१६२००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>९</td><td></td><td></td><td>
आन्तरिक नियन्त्रण<br><br>
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन<br>
· स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।<br>
· पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यिवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति विवरण तयार गरेको पाईएन।<br>
· कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br>
· अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>
· स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।<br>
· स्थानिय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको देखिएन ।<br>
· दिगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालिन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।<br>
· पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले नै खरिद गर्ने र जिन्सी पनि वडाले नै वाध्ने गरेकोले पालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन<br>
· वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।
</td><td></td></tr>
</table>

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ·जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।<br>·मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।<br>·ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>·स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।<br>·स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।<br>·संस्था दर्ता ऐन २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>·वातावरणको संरक्षणको एकिकृत दिर्घकालीन योजना तयार गरेको पाइएन ।शहरीकरण भैरहेका स्थानलाई मध्यनजर राख्दै फोहोरमैला ब्यबस्थापन स्थल पहिचान एबं कार्ययोजना तयार गरेको पाईएन ।<br>·निजामती सेवा ऐन 2049दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>·आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन महिना दिन र २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको<br>·विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको<br>·वातावरण संरक्षण ऐन २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण १०० मि सम्मको पुललिफ्ट सिँचाइसडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु ५ लाख सम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा गराएको अभिलेख नराखेको | |

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ·स्थानीय सरकार सञ्चाल ऐन २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको<br>·सार्वजनिक खरिद ऐन २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्नुपर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गूरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले वार्षिक १० लाख भन्दा बढी रकमको खरिद गर्दा वार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शिर्षक अन्तर्गत पुँजिगत बजेट अन्तर्गतको रु १२ करोड १५ लाख ६० हजार खर्च गरेकोमा खरिद योजना तथा खरिदको गुरुयोजना नबनाई खर्च गरेको देखियो । अत पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना तथा खरिद गुरुयोजना बनाई व्यवस्थित किसिमले प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।<br><br>·निजामती सेवा ऐन २०४९ को दफा ७२ (ख) बमोजिम कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नुपर्दछ । पालिकाले र स्वास्थय तर्फका कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगराई तलब खर्चमा रु ५ करोड २२ लाख ९२ हजार खर्च गरेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत यकिन गर्न सक्ने आधार देखिएन ।तलबी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्दछ<br>·स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी दीगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई बमोजिमको कार्य भएको देखिएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।<br>·स्थानीय तहमा बजेट तर्जुमाकार्यान्वयनआर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका २०७४ को बुँदा नम्बर २.९ मा गाउँ । नगर सभाबाट स्वीकृत बजेटको प्रभावकारी कार्यान्वयनको लागि समय सीमा सहितको कार्ययोजना बनाई कार्य सम्पादन गर्नुपर्ने व्यवस्था छ । गाउँ । नगर सभाबाट स्वीकृत बजेट रु १ अर्ब १८ करोड १० लाख ६३ हजार समय सीमा सहितको कार्ययोजना बनाएको देखिएन । स्वीकृत बजेटको समय सीमा सहितको कार्ययोजना नबनाउँदा बजेट कार्यान्वयन प्रभावकारी नहुन सक्छ । स्वीकृत बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउन समय सीमा सहितको कार्ययोजना बनाई बजेट कार्यान्वयन हुनु पर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| १० | | | **अनुगमन तथा भ्रमण खर्च** | |

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । कार्यालयले यस वर्ष विषयगत शिर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शिर्षकवाट रु ३० लाख २० हजार खर्च लेखेको छ तर भ्रमणको उद्धेश्य अनुगमन तथा भ्रमण प्रतिवेदन भ्रमण अभिलेख दुरीको विवरण सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ . | |
| ११ | | | **खाना तथा विविध खर्च**<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि २०७७ को नियम ३९ मा सरकारी रकम खर्च गर्दा सो खर्चलाई पुस्ट्याई गर्ने प्रमाण कागजात समेतको लेखा राख्नुपर्ने एवंम नेपाल सरकारले जारी गरेको सार्वजनिक खर्चमा मितव्ययिता कायम सम्बन्धी मापदण्ड २०७७ को दफा ३ मा सार्वजिनक निकाय तथा सार्वजिनक पद धारण गरेको व्यक्तिले सरकारी कामको सिलसिलामा खर्च गर्दा कार्यालय समान मसलन्द पानि बिजुली इन्धन विविध खर्च लगायतका शिर्षकमा खर्च गर्दा मितव्ययि कायम हुने गरि खर्च गर्नुपर्ने व्यवस्था भएकोमा पालिकाले खाना खाजा तथा अतिथि सत्कारको लागि रु ६९ लाख ३८ हजार खर्च गरेको छ। लेखापरिक्षणको क्रममा नमुना छनोटको आधारमा हेर्दा स्पष्ट्र प्रयोजन र आधार नखुलाई खर्च गरेको देखिन्छ। पालिकाले यसरी हुने खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |
| १२ | | | **अवण्डा बजेट**<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्वन्धित व्यवस्थापिकावाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यस नगरपालिकाले सामुदायक भवन निर्माण, फुटकर योजना र खानेपानी मर्मत संभार शिर्षक अन्तर्गत रु ३ करोड ६५ लाख रकम बजेट अबण्डा राखि खर्च गरेको पाइयो। यसरि आयोजना नतोकि एकमुष्ठ बजेट विनियोजन गरि रु २ करोड ८३ लाख ९१ हजार खर्च गरेको छ। बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ।<br>रु हजारमा | |

<table>
<tr><th>क्रम</th><th>भौ नं</th><th>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><th>कार्यक्रम/आयोजना/क्रियाकलापको नाम</th><th>खर्च शीर्षक</th><th>स्रोत</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>सामुदायिक भवन साझेदारी 50/50</td><td>३११५९</td><td>नेपाल सरकार - समानिकरण अनुदान</td><td>१,००,००</td><td>८५,६८</td><td>८५.६८</td></tr>
<tr><td>फुटकर याेजना नगरपालिका भर</td><td>३११५९</td><td>नेपाल सरकार - समानिकरण अनुदान</td><td>६०,००</td><td>५९,६८</td><td>९९.४७</td></tr>
<tr><td>खानेपानी मर्मत संभार</td><td>३११५६</td><td>राजस्व बाँडफाँड - संघीय सरकार</td><td>२,०५,२०</td><td>१,६५,५५</td><td>८०.६८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>१३</td><td></td><td></td><td>रकमान्तर<br><br>स्थानीय सरकार सन्चालन ऐन २०७४ को दफा ७९ मा कार्यपालिकाले स्वीकृत वार्षिक वजेटको कुनै शीर्षकवाट पूँजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नवढाइ रकमान्तर गर्न सक्ने उल्लेख छ। जस अनुसार चालुमा रकमान्तरवाट थप गर्न मिल्ने व्यवस्था गरेको देखिदैन। कार्यालय बाट प्राप्त विवरण अनुसार रु ५ करोड ३१ लाख ५६ हजार रकमान्तरवाट करार सेवा शुल्क विविध खर्च अनुगमन भत्ता मसलन्द सामाग्री तथा अन्य शिर्षकमा थप गरि रकमान्तर गरेको देखिएको छ। बजेट टुक्रा टुक्रा पारी धेरै आयोजना तथा कार्यक्रममा रकमान्तर गरेको छ। ऐन अनुसार चालुमा रकमान्तर गर्न पाइने उल्लेख नभएकोमा चालुमा रकमान्तर गरि अतिरिक्त रकम थप गर्नु उचित देखिएन। चालुमा हुने रकमान्तरमा नियन्त्रण गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>सेवा प्रवाह<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ मा पालिका तथा वडा कार्यालयको काम कर्तव्य र अधिकारको व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता १४१७ मृत्यु दर्ता ५३३ वटा नाता प्रमाणित १३०२ वटा घरवाटो शिफारिश १५९३ वटा नागरीकता शिफारिश २४०५ वटा बसाईसराई ६०६ र अन्य १३१६८ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो । पालिकाले सम्वन्ध विच्छेद पञ्जीकरण दर्ता तथा सिफारिश</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ नं</th><th>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>पारिवारिक लगतको अभिलेख आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति कानून तथा मापदण्ड समेत वनाएको छैन । ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ</td><td></td></tr>
<tr><td>१५</td><td></td><td></td><td>चौमासिक पुँजिगत खर्चः<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र त्रैमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ ।कार्यलयले उपलब्ध गराएको वित्तिय प्रतिवेदन बमोजिम चौमासिक रुपमा खर्चको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।कुल खर्च मध्ये तेस्रो चौमासिकमा मात्र ८२ प्रतिशत खर्च भएको विवरण पेश भएको छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आर्थिक बर्षको अन्तमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ<br>रु हजारमा
<table>
<tr><td rowspan="2">क्र. सं.</td><td rowspan="2">बजेटउप शीर्षक</td><td colspan="2">बजेटरखर्च</td><td colspan="2">प्रथमचौमासिक</td><td colspan="2">दोस्रोचौमासिक</td><td colspan="2">तेस्रोचौमासिक</td><td>असार को</td></tr>
<tr><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td><td>बजेट</td><td>खर्च</td><td>खर्च</td></tr>
<tr><td>१</td><td>पुजीगत</td><td>५९२ १०२</td><td>३३५ ०३४</td><td>१७५ २३१</td><td>१६७ १०</td><td>२१६ ६८५</td><td>४३५ १७</td><td>१७२ ६८१</td><td>२७४ ८०६</td><td>१४६ ९५१</td></tr>
<tr><td colspan="8">खर्च प्रतिशत ५६।५८</td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
<tr><td>१६</td><td></td><td></td><td>क्षेत्रगत बजेट<br><br>स्थानीय तहको एकीकृत समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।
<table>
<tr><th>सि.नं.</th><th>क्षेत्र/उप क्षेत्र</th><th>विनियोजन</th><th>खर्च</th><th>खर्च (%)</th></tr>
<tr><td>१</td><td>आर्थिक विकास</td><td>५००३५०००</td><td>३०७६४३२७</td><td>६१.४९</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>४७८१४८१००</td><td>३८५०७९१७३</td><td>८०.५४</td></tr>
<tr><td>३</td><td>पूर्वाधार विकास</td><td>४५९४५७९९३</td><td>२४६८७३९१४</td><td>५३.७३</td></tr>
<tr><td>४</td><td>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र</td><td>५७०३३०००</td><td>४२१४३५९०</td><td>७३.८९</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ नं</th><th>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>५</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१३६३८९५०५</td><td>११५४०२३८१</td><td>८४.६१</td></tr>
<tr><td colspan="2">कुल जम्मा</td><td>११८१०६३५९९</td><td>८२०२६३३८६</td><td>६९.४५</td></tr>
</table>
उल्लिखित विवरण अनुसार पुर्वाधार विकासमा कुल खर्चको ५३।७३ % रहेको छ भने प्रशासनिक खर्चमा ८४।६१ खर्च भएको देखिएको छ । पूँजीगत खर्चमा वृद्धि गरी लक्षित उद्धेश्य हासिल गर्नुपर्दछ ।
</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>कर्मचारी कल्याण कोष<br><br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय कर्मचारी कल्याण कोषमा रु.३० लाख ट्रान्सफर गरेको छ । तर १० प्रतिशतले हुन आउने रकम नराखेको कारण त्यस कोषमा कार्यालयको मात्र योगदान देखिएको छ । कार्यालयको योगदान मात्र राखी कल्याण कोष खडा गर्नु उचित देखिएन । कोषको संचालन सम्बन्धी पालिकाबाट एक निर्देशिका तयार भएको जानकारी प्राप्त भएतापनि लेखापरीक्षणको क्रममा उक्त निर्देशिका प्राप्त भएन । ऐनमा भएको व्यवस्थाको विपरीत कर्मचारीले खाईपाई आएको १० प्रतिशत रकम नपठाइ कल्याण कोष सञ्चालन गर्नु उचित देखिएन । कानूनमा भएको उपरोक्त व्यवस्थाको पालना गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>१८</td><td></td><td></td><td>नक्सा पास<br><br>स्थानीय सरकार सञ्चालन ऐन२०७४ को दफा २७ मा स्थानीय तहले नक्सापास गर्नुपर्ने र नक्सापास नगराई भवन निर्माण गर्न नहुने उल्लेख छ । यस पालिकावाट आ-व- २०७८।७९ मा ७५ वटा घरको नक्सापासको लागि निवेदन दिएकोमा ६५ वटा घरको घर सम्पन्न प्रमाणपत्र दिएको देखिन्छ। । पालिकाले आफ्नो क्षेत्रिभत्रको धेरै घरहरु बनेको अवस्थामा समेत नक्सा पास गरेको पाइएन । सो को अभिलेख तथ्यांकको व्यवस्थापन गर्नुपर्दछ</td><td></td></tr>
<tr><td>१९</td><td>103</td><td>२०७९-१-१५</td><td>पाठ्यपुस्तक अनुदान वितरणको भरपाई पेश नभएको<br><br>✂ .......... (प्रारम्भिक प्रतिवेदन उपर प्रमाण पेश भई पेश भएको आधारमा मिति २०७९।१२।२० को निर्णयबाट रु. २३९९७६।– सम्परीक्षण गरिएको ।)</td><td>०</td></tr>
<tr><td>२०</td><td></td><td></td><td>कर्मचारी करार सेवा</td><td></td></tr>
</table>

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी कर्मचारी तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने तथा उपदफा (८) मा नगर प्रहरी सवारी चालक माली वगैचे चौकिदार कार्यालय सहयोगी आदिको पद वाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था रहेको छ। यस सम्वन्धमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी गरेको स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित हुने हुँदा भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख पालिकाले करार सेवा बाट प्राविधिक तथा अन्य तहका कर्मचारी हरु नियुक्ति गरि रु ७१५१६७०।तलब भत्ता भुक्तानी गरेको पाइयो। पालिकाले करारसेवा बाट पदपुर्ति गर्ने नमिल्ने पदमा लोकसेवाबाट पदपुर्ति गर्नुपर्ने देखिन्छ। ऐन अनुसार करारमा राख्न नपाउने अवस्थामा करारमा कर्मचारी राख्ने कार्य उचित देखिएन।यस्ता कार्यमा पालिकाले सुधार गर्नुपर्दछ। | |

| पद | कर्मचारीको नाम | मासिक तलब | महंगि तथा अन्य भत्ता | बार्षिक रकम |
|---|---|---|---|---|
| ईन्जिनीयर | उतम थापा | ३७९९० | ४००० | ५४१८७० |
| प्राविधिक पाँचौ | अविनास गुरुङ्ग | ३०२०० | ४००० | ४४०६०० |
| प्राविधिक पाचौ | राजन गुरुङ्ग | ३०२०० | ४००० | ४४०६०० |
| प्राविधिक पाँचौ | जिवन पौडेल | ३०२०० | ४००० | ४४०६०० |
| प्राविधिक पाँचौ | किशोर कुमार खड्का | ३०२०० | ४००० | ४४०६०० |
| सहायक स्तर चौथो | इन्द्रकुमारी थापा मगर | २८६१० | ४००० | ४१९९३० |
| सहायक स्तर चौथो | जुनिता रिमाल | २८६१० | ४००० | ४१९९३० |
| सहायक स्तर चौथो | कल्पना पौडेल | २८६१० | ४००० | ४१९९३० |
| सहायक स्तर चौथो | राम प्रकास ढकाल | २८६१० | ४००० | ४१९९३० |

<table>
<tr><th>क्रम</th><th>भौ नं</th><th>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>सहायक स्तर चौथो</td><td>इन्द्र प्रसाद पौडेल</td><td>२८६१०</td><td>४०००</td><td>४१९९३०</td></tr>
<tr><td>सहायक स्तर चौथो</td><td>किसान परियार</td><td>२८६१०</td><td>४०००</td><td>४१९९३०</td></tr>
<tr><td>अ हे व</td><td>पवित्रा श्रेष्ठ</td><td>२६६१०</td><td>०</td><td>३४५९३०</td></tr>
<tr><td>अ हे व</td><td>आशा श्रेष्ठ</td><td>२६६१०</td><td>०</td><td>३४५९३०</td></tr>
<tr><td>अ हे व</td><td>मिना पोखेल</td><td>२६६१०</td><td>०</td><td>३४५९३०</td></tr>
<tr><td>अ हे व</td><td>बाबुराम वाग्ले</td><td>२६६१०</td><td>०</td><td>३४५९३०</td></tr>
<tr><td>अ हे व</td><td>मन्सु खाँड ठकुरी</td><td>२६६१०</td><td>०</td><td>३४५९३०</td></tr>
<tr><td>अ हे व</td><td>ममता थापा</td><td>२३०४५</td><td>०</td><td>२९९५८५</td></tr>
<tr><td>अनमी</td><td>दीपिका थापा</td><td>२३०४५</td><td>०</td><td>२९९५८५</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td></td><td>७१५२६७०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२१</td><td>157</td><td>२०७८-१२-२४</td><td>करार शिक्षकलाई पोशाक भत्ता भुक्तानी<br><br>सामान्य प्रशासन मन्त्रालयको च नं २१७ मिति २०७४।१।२५ को पत्राअनुसार सेवा करारमा कार्यरत स्वीकृत दरवन्दी भित्रका कर्मचारीलाइ शुरु तलव स्केल र कम्तीमा ६ महिना करार सेवा गरेमा सालबसाली रुपमा एक महिनाको आधारभुत पारिश्रमिक बराबरको चाडपर्व साथै सालबसाली रुपमा एक पटक चैत महिनामा पोशाक भत्ता दिन मिल्ने उल्लेख गरेको छ । पालिकाले श्री छब्दि मा वि मा कार्यरत शिक्षक दिपक पोखरेललाई मिति २०७८।११।२६ मा करार नियुक्ति दिई छ महिना नपुग्दै पोशाक भत्ता दिनु नमिल्ने देखिएको अनियमित देखिएको रु</td><td>१०,०००</td></tr>
<tr><td>२२</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण<br><br>स्थानीय सरकार संचालन ऐन २०७४को दफा ७७(२) मा स्थानीय तहले कानुन वमोजिम आफ्नो आय र व्ययको लेखापरीक्षण गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहको अन्तरसरकारी अख्तियारीको लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालयवाट भएको छ भने वाँकीको हकमा आन्तरीक लेखापरीक्षण शाखावाट भएको देखिन्छ। आन्तरिक लेखापरीक्षणवाट देखिएका व्यहोराहरु देहाय वमोजिम छन
<table>
<tr><th>भौ नं</th><th>विवरण</th><th>रकम</th></tr>
</table>
</td><td>१,७८०,५४८</td></tr>
</table>

| क्रम | भौ नं | मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | | आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ४०(७) मा विशोष कारणवश आर्थिक बर्षको अत्यमा विनियोजित बजेट रकमको अभावका कारण योजना तथा कार्यक्रम सम्पन्न भएको कार्यको भुक्तानी बाँकी रहेका कार्यक्रमको हकमा म ले प फारम नं १८ बमोजिम प्रमाणित गरि अर्को आ व को स्वीकृत बजेट रकम बाट भुक्तानी गर्नुपर्ने सो नभएको | | |
| | | | ३८ | सवारी साधनको लागि टायर खरिद गरि रकम भुक्तानी गरिएकोमा उक्त टायर खरिदको दाखिला प्रतिवेदन संलग्न नभएको हुँदा संलग्न गर्नुपर्ने देखिएको रु | ३९९०० | |
| | | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७५ को दफा ३५(२) बमोजिम रकम भुक्तानी गर्नु पहिले उक्त जिम्वेवारी पालिकालको कार्यक्षेत्र भित्रको भए नभएको एकिन गरि मात्र रकम भुक्तानी गर्नुपर्नेमा तपसिल बमोजिमका विभिन्न सरकारी निकायका लागि भौ नं ६६ बाट तनहुँ जिल्ला अदालत मर्मतको लागि रु १५२५५०।जिल्ला प्रहरी कार्यालय मोटर मर्मतको लागि रु ३०००००। भुक्तानी गरिएकमा यस प्रकारका खर्च नियन्त्रण गर्नुपर्ने देखिएको रु ४५२५५० | ४५२५५० | |
| | | | १३६ | शुक्लागण्डकी नगरपालिकाबाट स्विकृत तालिम गोष्ठी कार्याशाला तथा अध्ययन भ्रमण खर्च सम्बन्धी निर्देशिका २०७६ ले तोकेभन्दा बढी दरमा न्यायीक पुर्नताजगिय तालिम कार्यक्रम संचालन वापत प्रशासनिक रकम भुक्तानी गर्दा देहाय बमोजिम देखिएको<br>·शुक्लागण्डकी नगरपालिका बाट स्वीकृत तालिम गोष्ठी कार्याशाला तथा अध्ययन भ्रमण खर्च सम्बन्धी निर्देशिका २०७६ ले सहभागि स्टेशनरी वापत रु १००। को नर्म्स स्वीकृत भएकोमा उक्त कार्यक्रममा सहभागिहरुलाई प्रति सहभागि रु ३०७ को दरले डायरी उपलब्ध गराइएकोमा बढी भुक्तानी भएको रु २६०८२।<br>·रकम बुझीलिएको प्रमाण पेश गर्नुपर्ने रु १००००। | ३९९०७ | |

<table>
<tr><th>क्रम</th><th>भौ नं</th><th>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td>·नर्म्समा उल्लेख नभएको सहजकर्ता तथा प्रस्तावना लेखन वापतको रकम भुक्तानी भएको रु ३८२५</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>मेसिन प्रयोग भएकोमा मानिसको दर<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा मालसामान स्थलगत रुपमा उपलव्ध हुने वा नहुने अध्ययन गरी दररेट निर्धारण समितिले तोकेको दरमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। कार्यालयले उपभोक्ता समितिबाट निर्माण कार्य गराएका केहि सडक योजनाको नमुना छनौंट गर्दा तपशिल बमोजिमका योजनामा मेसिन प्रयोग गरी बाटो खनेकोमा मानिसको दर राखी लागत अनुमान तयारगरि सोहि बमोजिम मुल्याङ्कन तथा भुक्तानी गरेको छ।यसरी उपभोक्ता समितिले मेसिन प्रयोगगरि कार्यसम्पन्न गरेको अवस्थामा मानिसको दरराखी मुल्याङ्कन गर्दा तपशिल बमोजिम रु १३५०४२। बढि मुल्याङ्कन भएको छ।अतः बढि मुल्याङ्कन भएको रकममध्ये उपभोक्ता समितिको जनसहभागिताको अंश रु २२५०७। घटाई रु ११२५३५ असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं</th><th>निर्माण योजना</th><th>कामको विवरण</th><th>परिमाण (घ मि)</th><th>मेसिन दर</th><th>म्यान्युयल दर</th><th>फरक दर</th><th>रकम</th><th>बढि भुक्तानी</th></tr>
<tr><td rowspan="2">९७</td><td rowspan="2">मदन आश्रित रिङ्गरोड संरक्षण</td><td>माटोको काम</td><td>३६</td><td>७९.५९</td><td>४३२.६०</td><td>३५३</td><td>१२७०८</td><td rowspan="2">७७५८४</td></tr>
<tr><td>माटो फिलिङ</td><td>१०९२</td><td>१०६.६३</td><td>१८०.२५</td><td>७३.६२</td><td>८०३९३</td></tr>
<tr><td>८६०</td><td>मिलन मार्ग वडा नं ७</td><td>माटोको काम</td><td>८३.५२</td><td>७४.६३</td><td>५७६.८०</td><td>५०२।१७</td><td>४१९४१</td><td>३४९५१</td></tr>
</table>
</td><td>११२,५३५</td></tr>
</table>

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | जम्मा | १३५०४२ | ११२५३५ |

**५१**

**वडा स्तरिय बाटो मर्मत तथा सरसफाई**

सार्वजनिक खरिद ऐन तथा नियमावलिमा भएको व्यवस्थाअनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा स्विकृत नर्म्स तथा जिल्ला दररेटका आधारमा मितव्ययी र प्रतिस्वर्धी तवरले खरिद सम्झौता गर्नुपर्दछ। यस पालिका अन्तर्गतका वडा कार्यालयहरुलेपहिरो पन्छाउने कार्यको लागि विभिन्न निर्माण व्यवसायीसँग मेसिन प्रयोगको प्रति घण्टा दर मागगरि कवोल गरेको दरमा कार्य गर्नेगरि निर्माण व्यवसायीसँग सम्झौता गरेको छ। तपशिल बमोजिमका सरसफाई कार्यमा निर्माण व्यवसायीसँग प्रति घण्टा मेसिन प्रयोग दर रु २२०० देखि रु २४०० सम्म सम्झौता गरेको छ। वडा कार्यालयले सम्झौता गरेको दरलाई आधार मान्दा पहिरो पन्छाउने कार्यको प्रति घनमिटर औषत दर रु ३१ र सबै प्रकारको माटोको कामको प्रति घनमिटर औषत दर रु ४६.५ हुने देखिन्छ। कार्यालले निर्माण व्यवसायीसँग सम्झौता दरलाई आधार नलिई सबै प्रकारको माटोको काममा मेसिनको दर प्रति घण्टा रु ३९६१.३८ र पहिरो पन्छाउने काममा प्रति घण्टा रु ५०८६.६२। दर लिएको छ। जस अनुसार पहिरो पन्छाउने कामको प्रति घनमिटर ६४.४४ र सबै प्रकारको माटोको कामको प्रति घनमिटर दर रु ७४.६३ कायम भएको छ। यसरी निर्माण व्यवसायीसँग सम्झौता भएको दरमा प्रति युनिट दर विश्लेषण गरि सोहि दरमा सम्पादन भएको कामको मुल्याङ्कनगरि भुक्तानी गर्नुपर्नेमा पालिकाले शतप्रतिशत दरमा मुल्याङ्कन गरि निर्माण व्यवसायीलाई भुक्तानी गर्दा तपशिल बमोजिम रु ७६५२०० थप व्ययभार परेको छ। कार्यालयले प्रतिस्पर्धात्मक तथा मितव्ययी तवरले खरिद कार्य गर्नु पर्दछ।

| भौ नं | निर्माण योजना | निर्माण व्यवसायी | मुल्याङ्कन रकम | सम्झौता अनुसार हुने मुल्याङ्कन रकम | भुक्तानी रकम | बढि रकम |
|---|---|---|---|---|---|---|
| ७३ | नगरपालिका केन्द्र देखि वडा कार्यालय जाने बाटो वडा नं १० | मनकामना कालिका कन्स्ट्रक्सन र सेकिङ्ग ह्याण्ड कन्स्ट्रक्सन | ६३६३३३ | ३६००१५ | ५३०६५० | १७०६३५ |

<table>
<tr><th>क्रम</th><th>भौ नं</th><th>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३५०</td><td>वडा नं ६ सडक मर्मत</td><td>श्री ए कन्स्ट्रक्सन</td><td>३२४६४०</td><td>२०१३०८</td><td>३१७०७८</td><td>११५७६९</td></tr>
<tr><td>३५९</td><td>वडा नं १२ शाखाबाटोहरु मर्मत</td><td>सापकोटा निर्माण सेवा/बि बि महत निर्माण सेवा</td><td>१०६४६९३</td><td>७६४६०१</td><td>१०६४६९३</td><td>३०००९१</td></tr>
<tr><td>८२६</td><td>वडा नं ९ बाटो सरसफाई</td><td>शेकिङ्ग ह्याण्ड कन्स्ट्रक्सन र काविया कन्स्ट्रक्सन</td><td>४०७४८४</td><td>२२८७७०</td><td>४०७४८४</td><td>१७८७१३</td></tr>
<tr><td></td><td></td><td>जम्मा रकम</td><td>२४३३१५०</td><td>१५५४६९४</td><td>२३१९९०५</td><td>७६५२००</td></tr>
</table>
उपरोक्त नगरपालिका केन्द्र देखि वडा कार्यालय जाने बाटो सरसफाई कार्यको लागि १० नं वडा अध्यक्षले निर्माण व्यवसायीसँग सम्झौतागरि कार्यदेश दिईएको छ। आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ मा अधिकार प्राप्त अधिकारी वाहेक अरु कसैले पनि वजेट खर्च गर्ने आदेश दिन वा खर्च स्विकृत गर्न नहुने तथा नियम ३९(३) मा कार्यालयले सरकारी रकम खर्च गर्दा अधिकारप्राप्त अधिकारीवाट स्वीकृती गराई खर्च गर्नुपर्ने व्यवस्था रहेको छ। यस व्यवस्थाको प्रतिकुल हुनेगरि अधिकारप्राप्त अधिकारीभन्दा अन्य पदाधिकारी तथा कर्मचारीले आर्थिक दायित्व सिर्जना गरी भुक्तानी गर्ने प्रवृतीमा नियन्त्रण गर्नुपर्दछ।
</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>निर्माण सामाग्रीमा मुल्य अभिवृद्धि कर<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका कुराहरु तथा लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट,वालुवा,गिट्टि, फलामे डण्डी, ईटा, ढुङ्गा, माटो, कर्कटपाता, विटुमिन तथा इमल्सन, इन्धन, पोलिथिन पाइप, जी.आई पाइप, विजुलीका सामान, जी-आई वायर यस्तै निर्माण सामाग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला</td><td>२०४,४०६</td></tr>
</table>

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा रेट कायम गरी आयोजनाको कूल लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। कार्यालयले दररेट विश्लेषण गर्दा मुल्य अभिवृद्धि कर योग्य निर्माण सामाग्री खपत हुने अवस्थामा मात्र मुल्य अभिवृद्धि कर सहितको निर्माण सामाग्रीको दररेट कायम गर्नुपर्दछ। यस पालिकाले उपभोक्ता समितिबाट सम्पन्न गरेको केहि योजना नमुना छनोट गरी परिक्षण गर्दा पालिकाललेे गिट्टिको स्वीकृत जिल्ला दररेटमा मूल्य अभिवृद्धि कर समेत थपगरि दररेट विश्लेषण गरेको छ। तपशिल बमोजिमका योजनाको फाँटवारी परीक्षण गर्दा उपभोक्ता समितिले गिट्टिको प्यान विल तथा भरपाई पेश गरेको देखिन्छ। यसरि उपभोक्ता समितिबाट भरपाई र प्यान विल पेश भएको अवस्थामा तपशिल बमोजिमका भौचरबाट उपभोक्ता समितिलाई मूल्य अभिवृद्धि कर वापत रु २०४४०६। अतिरिक्त भुक्तानी भएको छ। यसरि भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु | |

| भौ नं | निर्माण योजना | कामको विवरण | परिमाण (घ मि) | खपत भएको गिट्टि (घ मि) | दर (मु अ कर सहित) | मु अ कर प्रति घ मि | मु अ कर रकम |
|---|---|---|---|---|---|---|---|
| २७५ | मिलनमार्ग बाटो विस्तार | पिसिसि/प्लम्व | ५/४६.६२ | २८.८२ | २०३६.२० | १८९.८० | ५४७० |
| २७९ | डुण्डुरे खोला संरक्षण | पिसिसि/प्लम्व | २.७५/९१.२ | ५४.३२ | २०३६.२० | १८९.८० | १०३१० |
| २८० | मदन आश्रीत मोटर मार्ग | पिसिसि/प्लम्व | २१.८४/४६.६२ | ६७.५८ | २०३६.२० | १८९.८० | १२८२६ |
| ३४३ | कोट कालिका मार्ग | पिसिसि/प्लम्व | १९.९२/८६.७१ | ६३.७९ | २०३६.२० | १८९.८० | १२१०८ |

| क्रम | भौ नं | मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३६१ | वडा नं ३ जनसेवा मोटर मार्ग | पिसिसि/प्लम्व | २५.३२/७८.२ | ६६.०९ | २०३६.२० | १८९.८० | १२५४४ | |
| | | | ४०१ | सन्तेडाँडा नाला निर्माण | पिसिसि/प्लम्व | २२.२७/७१.८७ | ५९.८६ | २०३६.२० | १८९.८० | ११३६२ | |
| | | | ४९९ | आदर्शटोल भित्रि नाला निर्माण | पिसिसि/प्लम्व | ६१.२६/२८.९२ | ६८.४८ | २०३६.२० | १८९.८० | १२९९८ | |
| | | | ७८३ | दुलेगौडा जसपुर मार्ग | पिसिसि/प्लम्व | ८८.२१/६.९१ | ७८.९८ | २०३६.२० | १८९.८० | १४९९० | |
| | | | ६८७ | जनसेवा मोटर मार्ग दुरुचुङ्ग खण्ड ढलान | पिसिसि/प्लम्व | ५४.३८/१६३.१३ | १३९.७० | २०३६.२० | १८९.८० | २६५१४ | |
| | | | ६८६ | शान्तिटोल घुमाउने पपुल सडक | पिसिसि/प्लम्व | २७.९९/१९५.१७ | १३५.४३ | २०३६.२० | १८९.८० | २५७०४ | |
| | | | ८४७ | सेरावेशि पक्कि नाला निर्माण | पिसिसि/प्लम्व | १९.८/६६ | ५५.६२ | २०३६.२० | १८९.८० | १०५५६ | |

<table>
<tr><th>क्रम</th><th>भौ नं</th><th>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>९०९</td><td>लहरे बुद्धचोक नाला निर्माण</td><td>पिसिसि</td><td>९७.२६</td><td>८२.६७</td><td>२०३६.२०</td><td>१८९.८०</td><td>१५६९१</td></tr>
<tr><td>८६०</td><td>मिलन मार्ग वडा नं ७</td><td>पिसिसि/प्लम्व</td><td>१६.५४/४६.४०</td><td>४०.४५</td><td>२०३६.२०</td><td>१८९.८०</td><td>७६७७</td></tr>
<tr><td>८०१</td><td>कभर्ड हल निर्माण</td><td>पिसिसि</td><td>५४.५४</td><td>४६.३५</td><td>२०३६.२०</td><td>१८९.८०</td><td>८७९७</td></tr>
<tr><td>८९७</td><td>बाँगेखोला कल्भर्ट निर्माण</td><td>पिसिसि</td><td>१०४.५</td><td>८८.८३</td><td>२०३६.२०</td><td>१८९.८०</td><td>१६८५९</td></tr>
<tr><td></td><td></td><td></td><td>जम्मा</td><td>१०७६.९७</td><td>२०३६.२०</td><td>१८९.८०</td><td>२०४४०६</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>मेसिन प्रयोग दर<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गरेका कुराहरु तथा लागत अनुमान तयार गर्ने सिलसिलामा सिमेन्ट, फलामे डण्डी, ईटा, ढुङ्गा, माटो, कर्कटपाता, विटुमिन तथा इमल्सन, इन्धन, पोलिथिन पाइप, जी.आई पाइप, विजुलीका सामान, जी-आई वायर यस्तै निर्माण सामाग्रीको दरभाउ, मेशिन तथा उपकरणको भाडा वा कामदारको ज्याला निर्धारण गर्दा दररेट निर्धारण समितिले तोकेको दररेटको आधारमा रेट कायम गरी आयोजनाको कूल लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले उपभोक्ता समितिसँग खरिद सम्झौतागरि निर्माण सम्पन्न गरेको विभिन्न निर्माण योजनामा सबै प्रकारको माटोको कामको प्रति युनिट रु ७४.६३ र नरम चट्टानको काम प्रति युनिट रु २२३.८० राखी लागत अनुमान तयार एवं सोहि बमोजिम मुल्याङ्कन तथा भुक्तानी गरेको छ। पालिकाले सडक विभिगको नर्म्स नं ९.१.ii B अनुसार माटो र ढुङ्गाको कामको दर विश्लेषण गर्दा मेसिन प्रयोगको दर प्रति घण्टा रु ३९६१।३८र पहिरो पन्छाउने कार्यमा सोहि नर्म्स अन्तर्गत मेसिन प्रयोग दर प्रति घण्टा रु ५०८६.५२ राखेको छ। निर्माण योजना</td><td></td></tr>
</table>

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | सम्वद्ध फाटवारी परीक्षण गर्दा उपभोक्ता समितिले पहिरो पन्छाउने तथा माटो र ढुङ्गाको काममा विभिन्न निर्माण व्यवसायीको मेसिन कार्यालयले आधार लिएको प्रति घण्टा दर भन्दा घटि दरमा वहालमालिई प्रयोग गरेको छ। माटो र ढुङ्गाको कार्य सम्पादन भएका तपशिल बमोजिम नमुना छनौटगरि परिक्षण गरिएका योजनामा कार्यालयलेविभिन्न भौ नं वाट उपभोक्ता समितिलाई माटो र ढुङ्गाको कार्यको भुक्तानी दिएकोमा उपभोक्ता समितिले मेसिन वहालमा लिई प्रयोग गरेको दरमा विश्लेषण गर्दा देहायअनुसार १२ लाख ३६ हजार बचत हुने अवस्था देखिएको हुँदा दर विश्लेषण गर्दा कम लाग्ने गरी विश्लेषण गरी सरकारी स्रोत साधनको सदुपयोग गर्नतर्फ ध्यान दिनुपर्ने देखिन्छ। | |

| भौ नं | निर्माण योजना | कामको विवरण | परिमाण (घ मि) | उ स ले वहालमा लिएको दर/घण्टा | हुने दर | कार्यालये आधार लिएको दर/ घण्टा | कायम दर प्रति घ मि | फरक दर | फरक रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| ६८ | शहिद लालध्वज मार्ग सरसफाई | माटो को काम | ५६१२.५ | २२०० | ४५.२७ | ३९६१.३८ | ७४.६३ | २९.३६ | १६४७८३ |
| २७८ | साँखे छाक्रा सालडाँडा मोटर मार्ग | माटो | ९५६८.४० | २४८६ | ५० | ३९६१.३८ | ७४.६३ | २४.६३ | २३५६६९ |
| | | नरम चट्टान | ४५० | | १५०.१३ | ३९६१.३८ | २२३.९० | ७३.७७ | ३३१९६ |
| ३१४ | ओजा जस्पुर मोटर मार्ग | माटो | ४४५७ | २२०० | ४५.२७ | ३९६१.३८ | ७४.६३ | २९.३६ | १३०८५७ |
| | | नरम चट्टान | १११४ | | १३५.८३ | ३९६१.३८ | २२३.९० | ८८ | ९८०३२ |
| ३३८ | | माटो | ७८१५ | २५०० | ५०.२७ | ३९६१.३८ | ७४.६३ | २४.३६ | १९०३७३ |

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जस्पुर मोटर मार्ग | नरम चट्टान | १२७५ | | १५०.८३ | ३९६१.३८ | २२३.९० | ७३.०६ | ९३१५१ |
| ३९० | भोर्ले मोटर मार्ग | माटो | ५३४० | २४८६ | ५० | ३९६१.३८ | ७४.६३ | २४.६३ | १३१५१४ |
| | | नरम चटटान | ८३० | | १५०.१३ | ३९६१.३८ | २२३.९० | ७३.७७ | ६१२२९ |
| १०५ | मुलावारी मोटर मार्ग १२ | माटो | १८७० | २४०० | ४८.६१ | ३९६१.३८ | ७४.६३ | २६.०२ | ४८६५७ |
| | | चट्टान | ६२३ | | १४५.८३ | ३९६१.३८ | २२३.९० | ७८.०७ | ४८६३७ |
| | | | | | | | | **जम्मा** | **१२३६०९८** |

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **कन्टिन्जेन्सी खर्च भुक्तानी**<br><br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) मा निर्माण कार्यको लागत अनुमान तयार गर्ने ढाँचा अनुसूची १ को व्यवस्था रहेको छ । उक्त अनुसूचीमा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्क चार्ट स्टाफ खर्च २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशत गरी ४ प्रतिशत कन्टिन्जेन्सी वापत थप गर्ने व्यवस्था रहेको छ। यसरी लागत अनुमानमा थप गरिएको कन्टिन्जेन्सी खर्च भुक्तानी गर्दा कट्टागरि भुक्तानी गर्नु पर्नेमा कार्यालयले तपशिल बमोजिमका उपभोक्ता समितिलाई तपशिल बमोजिमका भौ नं बाट कन्टिन्जेन्सी वापतको रु ८९११८। समेत उपभोक्ता समितिलाई भुक्तानी गरेको छ। यसर्थ भुक्तानी गरेको कन्टिन्जेन्सी असुल गर्नुपर्ने रु | ८९,११८ |

| भौ नं | निर्माण योजना | भुक्तानी भएको फर्म/निकाय/समिति | कन्टिन्जेन्सी रकम |
|---|---|---|---|

<table>
<tr><th>क्रम</th><th>भौ नं</th><th>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>८२२</td><td>वाल विकास व्यवस्थापन</td><td>जानकी प्रा वि</td><td>५०००</td></tr>
<tr><td>६६७</td><td>शहिद लालध्वज मार्ग</td><td>उपभोक्ता समिति</td><td>८४११८</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>८९११८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५५</td><td></td><td></td><td>
सडक निर्माणको ट्याककोट कार्यमा बढी भुक्तानी<br><br>
भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टण्डर्ड स्पेशिफिकेशन २०७३ को पेज नं २१६ को टेवल नं १३.१० मा रिसिलिङ्ग र प्याचिङ्ग गरिने पुरानो विटुमिनस सडकमा प्रति बर्ग मिटर ०.४० देखि ०.६० लिटर र नया सडकमा प्राइम कोट गरिएको क्षेत्रफलमा प्रतिवर्ग मिटर ०.५० देखि ०.६० लिटर ट्याककोट लाग्ने उल्लेख गरेको छ। यस नगरपालिका अन्तर्गत उपभोक्ता समिति वा निर्माण सेवा मार्फत सम्झौता भई निर्माण कार्य गराएको पुराना सडकको प्याचिङ्ग तथा रिसिल्ङ्ग कार्यमा र नयाँ सडकको कालोपत्रे गर्ने कार्यका लागि विटुमिन तथा प्राइम कोट प्रयोग गरेको प्रति वर्ग मी क्षेत्रफलमा ०.७३ लिटर सम्म ट्याक कोट खर्च लेखि भुक्तानी गरेको पाइयो। सडक विभागको उपरोक्त नर्म्स अनुसार विटुमिनतथा प्राइमकोट खपतको ४० देखि ६० प्रतिशत मात्र ट्याककोटको खर्च लाग्ने र सोही बमोजिम मात्र खर्च लेख्नु पर्ने उल्लेख भएकोले तपसिलका कालोपत्रे सडकमा नर्म्स भन्दा बढी ट्याककोटको खर्च लेख्दा रु २५१३९२। बढी भुक्तानी भएको छ। यसरी बढि भुक्तानी भएको रकममा उपभोक्ता समितिको योगदानको अंश घटाई रु १६७४०६। असुल हुनुपर्ने रु<br><br>
<table>
<tr><th>भौ नं</th><th>योजना को नाम</th><th>निर्माण सेवा /समिति</th><th>ट्याककोट दिएको (लि)</th><th>ट्याक कोट दिनु पर्ने (लि)</th><th>फरक</th><th>दर</th><th>रकम</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>८</td><td>जनसेवा मोटर मार्ग</td><td>उपभोक्ता समिति</td><td>११३९.५३</td><td>९३६.६०</td><td>२०२.९३</td><td>१३६.१५</td><td>२७६२९</td><td>१३८१४</td></tr>
<tr><td>१२</td><td>संगमटोल बाटो कालोपत्रे तथा नाला निर्माण</td><td>उपभोक्ता समिति</td><td>२२६८.८४</td><td>१८६४.८०</td><td>४०४.०४</td><td>१३६.१५</td><td>५५०१०</td><td>२७५०५</td></tr>
</table>
</td><td>१६७,४०६</td></tr>
</table>

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २२ | गल्छिना सन्तेडाँडा मार्ग | उपभोक्ता समिति | ५६४ | ३३८ | २२५ | १३६.१५ | ३०६३३ | १५३१६ |
| ३० | तिनपिप्ले मोटर मार्ग | विजेन्द्र कन्स्ट्रक्सन एण्ड सप्लार्यस | १२९७.८५ | १०६६.५० | २३१.०८ | १२० | ३१३३४ | ३१३३४ |
| १७ | शान्तिनगर बाटो कालोपत्रे | उपभोक्ता समिति | ८२३.३३ | ६५५.७७ | १६७.५६ | १३६.१५ | २२८१३ | ११४०६ |
| ५७ | माछापुच्छ्रे टोल सडक कालोपत्रे | माछापुच्छ्रे टोल विकास संस्था | १३१५.३० | १०८१ | २३४ | १३६.१५ | ३१८९१ | १५९४५ |
| ५३९ | ढोरवारा हि मन्दिर जाने बाटो | निर्माण सेवा | २३५४ | १९३५ | ४१९ | ११० | ५२०८२ | ५२०८२ |
| | | | | | | **जम्मा** | **२५१३९२** | **१६७४०६** |

| ५६ | | | **बढि परिमाण मुल्याङ्कन** | १५०,२७३ |
|---|---|---|---|---|

सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। यस कार्यालयले उपभोक्ता समितिबाट निर्माण सम्पन्न गरेको आयोजनाको फाँटवारी परीक्षण गर्दा तपशिल बमोजिमका निर्माण योजनामा उपभोक्ता समितिले खरिदगरि प्रयोग गरेको तारजाली भन्दा बढि हुने गरी प्राविधिक नापजाँच एवं मुल्याङ्कनगरि उपभोक्ता समितालाई भुक्तानी गरेको छ। यसरी तपशिल बमोजिमका भौ नं बाट वास्तविक कार्यसम्पन्न भन्दा रु १५०२७३। बरावरको बढि परिमाण मुल्याङ्कगरि उपभोक्ता समितिलाई भुक्तानी भएको छ। यसर्थ

<table>
<tr><th>क्रम</th><th>भौ नं</th><th>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
बढि मुल्याङ्कन भएको परिमाणको प्राविधिक पुष्ट्याई सहितको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं</th><th>निर्माण योजना</th><th>कामको विवरण</th><th>मुल्याङ्कन परिमाण</th><th>उपभोक्ता विल अनुसार</th><th>बढि परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td rowspan="2">५५६</td><td rowspan="2">भृगु त्रिवेणीधाम शवदाहस्थल निर्माण</td><td>ग्याविन जाली</td><td>१५५ वक्स</td><td>१५१ वक्स</td><td>४</td><td>३५२२.१४</td><td rowspan="2">३६०५६</td></tr>
<tr><td>बोल्डर प्याकिङ</td><td>३१० व मि</td><td>३०३ व मि</td><td>८</td><td>२७४६.०४</td></tr>
<tr><td>६६७</td><td>शहिद लालध्वज मार्ग</td><td>ग्याविन जाली</td><td>१२२४ व मि</td><td>१०८६ व मि</td><td>१३८</td><td>३७३.५१</td><td rowspan="2">११४२१७</td></tr>
<tr><td></td><td></td><td>बोल्डर प्याकिङ</td><td>२२९.५ व मि</td><td>२०३ व मि</td><td>२६.५</td><td>२३६५</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td>जम्मा</td><td>१५०२७३</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५७</td><td></td><td></td><td>
स्पेसिफिकेसन भन्दा फरक<br><br>
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापजाँच गरी वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। यस पालिकाले उपभोक्ता समितिसँग सम्झौतागरि सम्पन्न गरेको योजनाको केहि नमुना छनौटगरि परीक्षण गर्दा तपशिल बमोजिमका उपभोक्ता समितिले मेसिन मिक्स्ड कन्क्रिट प्रयोग गरी प्लम्ब कन्क्रिटको कार्य गरेको अवस्थामा म्यान्युल दर राखि मुल्याङ्कन तथा भुक्तानी गरेको छ। छ। यसरी उपभोक्ता समितिले कन्क्रिट मिक्स्चर प्रयोगगरि कार्यसम्पन्न गरेको अवस्थामा मानिसद्धारा कार्य गरेको दर राखी मुल्याङ्कन गर्दा तपशिल बमोजिम रु ९७३९७। बढि मुल्याङ्कन भएको छ। अतः बढि मुल्याङ्कन भएको रकम मध्ये उपभोक्ता समितिको जनसहभागिताको अंश रु ४८६९८। घटाई रु ४८६९८ असुल गर्नुपर्ने रु
</td><td>४८,६९८</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ नं</th><th>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>

| भौ नं | निर्माण योजना | काम को विवरण | परिमाण (घ मि) | मेसिनमिक्स्ड दर | म्यान्युयल दर | फरक दर | रकम | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|---|---|
| २७५ | मिलन मार्ग बाटो विस्तार तथा नाला निर्माण | प्लम्ववाल | ४६.६२ | ९४४५.८७ | ८५१८.४५ | ९२७.४२ | ४३२३६ | २१६१८ |
| २७७ | माथिल्लो भोटेपानी भित्रिमार्ग नाला निर्माण | प्लम्ववाल | ५८.४० | ९४४५.८७ | ८५१८.४५ | ९२७.४२ | ५४१६१ | २७०८० |
| | | | | | | **जम्मा** | **९७३९७** | **४८६९८** |

</td><td></td></tr>
<tr><td>५८</td><td></td><td></td><td>

**डण्डीमा बढि भुक्तानी**

६९८।२०७९।३।२०सार्वजनिक खरिद ऐन तथा नियमावलिमा भएको व्यवस्थाअनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा स्विकृत नर्म्स तथा जिल्ला दररेटका आधारमा प्राविधिक मुल्यांकन गरी वास्तविक कार्यसम्पन्नको भुक्तानी दिनुपर्ने उल्लेख छ। यस पालिकाले यस वर्ष उपभोक्ता समितिबाट निर्माण सम्पन्न गरेको जनसेवा मोटर मार्ग निर्माण योजनाको ३१.३० मिटर लम्वाई खण्डको ढलान कार्यमा उपभोक्ता समितिले मेन बारमा १० मिमिको २० वटा डण्डी प्रयोग गरेकोमा २७ वटा डण्डीको नापी तथा मुल्याङ्कनगरि भुक्तानी गरेको छ। यसरी ३८८।१२ केजि डण्डी खपत भएकोमा ५१४।३४ केजि मुल्याङ्कन भई १२६।२२ केजि को रु ११७।५५ को दरले रु १४९३६। बढि मुल्याङ्कन भएको छ। यसर्थ बढि मुल्याङ्कन भएको रकम मध्य उपभोक्ता समिति लाई बढि भुक्तानि भएको जनसहभागिता वाहेको रु १२४४६ असुल गर्नुपर्ने रु

</td><td>१२,४४६</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>

**बढि दर**

</td><td>३४,०६६</td></tr>
</table>

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | ६००।२०७९।०३।०७सार्वजनिक खरिद ऐन तथा नियमावलिमा भएको व्यवस्थाअनुसार सार्वजनिक निकायले निर्माण कार्यको भुक्तानी गर्दा स्विकृत नर्म्स तथा जिल्ला दररेटका आधारमा प्राविधिक मुल्यांकनगरि भुक्तानी दिनुपर्ने उल्लेख छ। यस पालिकाले यस वर्ष उपभोक्ता समितिबाट निर्माण सम्पन्न गरेको धामीकुना लौसिबोट खानेपानी योजनामा ३२ मिमि एचडिपिई पाईप खरिद तथा खपत भएकोमा कार्यालयले ३२ मिमि पिपिआर ३ लेयरको दर राखी मुल्याङ्कन एवं उपभोक्ता समितिलाई भुक्तानी गरेको छ। यसरी १५०० रनिङ मिटर खपत भएकोमा एचडिपिई पाईपको दर रु ९४.३६ प्रति रनिङ मिटर हुनुपर्नेमा पिपिआरको दर १२२.०४ कायम गर्दा प्रति रनिङ मिटर रु २७.६८ को दरले रु ४१५२० बढि मुल्याङ्कन भएको छ। यसर्थ बढि मुल्याङ्कन भएको रु ४१५२० मध्ये उपभोक्ता समितिको योगदान बाहेकको रु ३४६०० बढि भुक्तानी भएको छ। अतः बढि भुक्तानी भएको असुल गर्नुपर्ने रु | |
| ६० | | | **रेडिमिक्स कन्क्रिटमा फरक दर**<br><br>१९।२०७८।०७।०९सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नापचाँचगरि वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। यस पालिकाले मिया गाउँ टोल विकास संस्थासँग सम्झौतागरि सम्पन्न गरेको जनजगदाह ढलान योजनामा उपभोक्ता समितिले मेसिन मिक्स्ड कन्क्रिट प्रयोग गरेको अवस्थामा म्यान्युल दर राखी मुल्याङ्कन तथा भुक्तानी गरेको छ। रेडिमिक्स कन्क्रिटको दर प्रति घन मिटर रु १४००० मु अ कर समेत रहेकोमा कार्यालयले म्यान्युल दर प्रति घन मिटर रु १६३७०.९० राखी मुल्याङ्कन गर्दा प्रति घन मिटर रु २३७०.९० दरले २०.३९ घन मिटर पिसिसिको कामको रु ४८३४२ बढि मुल्याङ्कन भएको छ। यसरी बढि मुल्याङ्कन भएको रकम मध्ये उपभोक्ता समितिको जनसहभागिताको अंश वाहेक रु ३७१८६ उपभोक्ता समितिलाई बढि भुक्तानी असुल गर्नुपर्ने रु | ३७,१८६ |
| ६१ | | | **क्षेत्राधिकार वाहिरको खर्च**<br><br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७५ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले खर्च गर्नुपूर्व उक्त जिम्मेवारी आफ्नो कार्य क्षेत्रभित्रको हो होइन यकिन गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस पालिकाले सो कुरा बिचार नगरी पूँजिगत खर्चबाट तपशिल बमोजिम आफ्नो क्षेत्राधिकार भित्र नपर्ने सरकारी तथा गैरसरकारी निकायको भौतिक संरचना निर्माण कार्य वापत खर्च लेखेको छ। पालिकाले खर्च गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकपालहरुमा खर्च गर्नु पर्दछ।<br><br>\| **भौ न** \| **खर्च गरिएको निकाय र कामको विवरण** \| **भुक्तानी रकम** \| | |

<table>
<tr><th>क्रम</th><th>भौ नं</th><th>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>६६</td><td>तनहु जिल्ला अदालत मर्मत</td><td>१५२५५०</td></tr>
<tr><td>६३५</td><td>मालपोत कार्यालय दमोली ट्रस निर्माण</td><td>४९७३४१</td></tr>
<tr><td>७७१</td><td>जिल्ला प्रहरी कार्यालय सवारी साधन मर्मत</td><td>४२६१२९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>१०७६०२०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६२</td><td></td><td></td><td>
चेनेज नखुलाई ग्राभेल<br><br>
सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १२३ मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग विल वा अन्य कुनै विल विजकको भुक्तानी गर्दा करारको शर्त वमोजिम प्राविधिक नाप जाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी दिनुपर्ने उल्लेख छ। यस पालिकाले तपशिल बमोजिमका सडक निर्माण तथा स्तरोन्नती कार्यमा सडक ग्राभेलिङ कार्यको समेतको भुक्तानी दिएको छ। उक्त सडक ग्राभेल कार्यको चेनेज खुल्नेगरि प्राविधिक नाँपजाच पश्चात मुल्याङ्कनगरि भुक्तानी गर्नुपर्नेमा चेनेज नखुलेकोले वास्तविक कार्यसम्पन्न परिमाण सम्वन्धमा आश्वस्त हुन सकिदैन। कार्यालयले वास्तविक कार्यसम्पन्न परिमाण एकिन हुनेगरि प्राविधिक नाँपजाचगरि भुक्तानी गर्नुपर्दछ।
<table>
<tr><th>भौ नं</th><th>निर्माण योजना</th><th>ग्राभेल कार्य परिमाण</th><th>दर</th><th>रकम</th></tr>
<tr><td>६८</td><td>शहिद लालध्वज मोटर मार्ग</td><td>१९१.५० घ मि</td><td>१८३६.४५</td><td>३५१६८०</td></tr>
<tr><td>७७५</td><td>जस्पुर मुलावारी सडक ग्राभेल वडा नं १२</td><td>३४७१.४० व मि</td><td>१६९.३२</td><td>५८७७७.४५</td></tr>
<tr><td>७८६</td><td>शान्तीटोल घुमाउने पुल सडक</td><td>७६४ व मि</td><td>१६४.५३</td><td>१२५६९४</td></tr>
<tr><td>८५८</td><td>तिलाहार वोमा काल्खु मोटर मार्ग</td><td>९० घ मि</td><td>१६५०</td><td>१४८५००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६३</td><td></td><td></td><td>
कार्यसम्पन्न वेगर भक्तानी<br><br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियमा १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ११ बमोजिम निर्माण कार्य सम्पन्न गरिसकेपछि सार्वजनिक निकायको प्राविधिक कर्मचारीले उपभोक्ता समिति वा लाभग्राही समुदायबाट पेश भएको कुल खर्चको विवरण तथा उक्त निर्माण कार्यको सर्भे, डिजाईन, लागत अनुमान, सुपरिवेक्षण र कार्यसम्पादन गर्ने व्यक्ती तथा पदाधिकारीको नाम र पद समेत खुल्ने गरी कार्यसम्पन्न प्रतिवेदन तयार गर्नु पर्ने उल्लेख छ। तपशिल
</td><td>३,३२१,१२१</td></tr>
</table>

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | बमोजिमका निर्माण कार्य प्राविधिक लागत अनुमान तयार नगरी निर्माण कार्य शुरु भएको र अन्तिम भुक्तानीको खर्च लेख्दा अन्तिम मुल्याङ्कन, नापि र कार्यसम्पन्न प्रतिवेदन संलग्न भएको छैन। प्राविधिक लागत अनुमान तयार नगरी निर्माण कार्य गर्नुका साथै अन्तिम मुल्याङ्कन, कार्यसम्पन्न प्रतिवेदन संलग्न नभएबाट निर्माण कार्य सम्पन्न भएको हो वा होईन एकिन गर्न सकिएन। यस सम्बन्धमा निर्माण कार्य सम्बन्धी प्राविधिक मुल्याङ्कन र कार्यसम्पन्न प्रतिवेदन पेश गर्नु पर्ने रु | |

| भौ न | कामको विवरण | भुक्तानी भएको निकाय | भुक्तानी रकम |
|---|---|---|---|
| ३९ | ढोर वाराहि मोटर मार्ग | उपभोक्ता समिति | १४५९२० |
| ६१६ | भुमे भैरव मन्दिर निर्माण | स्थानचोक टोल विकास संस्था | ५००००० |
| ६५० | दमाग सोलर पम्प खरिद | दमाग टोल विकास संस्था | ३३०००० |
| ५८ | वडा नं १२ लौसिबोट खा पा योजना पाईप खरिद | उपभोक्ता समिति | ८९२७० |
| ९४ | वडा नं ८ सिचाई योजना पाईप खरिद | उपभोक्ता समिति | ३०८४९० |
| १४७ | वडा नं १ सिम्ले खा पा पाईप खरिद | उपभोक्ता समिति | ३३२००० |
| २५७ | वडा नं ११ जनजागृति टोल स्थित कैडले वस्तीमा खा पा पाईप खरिद | उपभोक्ता समिति | ८३०५५ |
| ४१३ | वडा नं ११ वडा भर खानेपानी पाईप खरिद | उपभोक्ता समिति | ९९९९९ |
| ६७१ | पाईप खरिद | | ५०४२९ |
| ३५३ | खैंरेनी मा वि विज्ञान प्रयोगशाला निर्माण | खैर्नी मा वि वडा नं ६ | ५००००० |
| ४२२ | वडा नं ६ थ्रि फेज लाईन विस्तार | सिर्जना टोल विकास संस्था | १००००० |
| ७०७ | वडा नं ४ विद्युत पाईप खरिद तथा मर्मत | | १०३९३१ |
| ८४७ | वडा नं १ सेरावेशि वाटो पक्की नाली निर्माण | | ६७८०२७ |

<table>
<tr><th>क्रम</th><th>भौ नं</th><th>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table><tr><td></td><td></td><td>जम्मा</td><td>३३२११२१</td></tr></table>
</td><td></td></tr>
<tr><td>६४</td><td></td><td></td><td>
अनुपातिक कट्टि<br><br>
आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ्ग बिल र मूल्याङ्कन प्रतिवेदन प्राप्त भएमा सोही अनुरुप कार्यालयबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गरिने उल्लेख छ । लेखापरीक्षणको क्रममा नमूना छनौटको आधारमा परीक्षण गर्दा यस वर्ष संचालित निम्न योजनाको निम्नानुसार सम्झौता रकम भन्दा घटीको कार्यसम्पन्न गरेकोमा कार्यालयले भुक्तानी दिँदा घटी कार्यको आनुपातिक कट्टी गरी भुक्तानी गरेको पाइएन । नियमावलीको व्यवस्था तथा सम्झौता विपरीत उपभोक्ता समितिलाई वढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु<br><br>
<table>
<tr><th>भौन</th><th>योजना/कार्यक्रम</th><th>सम्झौता रकम</th><th>पालिका अनुदान</th><th>कार्यसम्पन्न रकम</th><th>भुक्तानी भएको</th><th>भुक्तानी हुनुपर्ने</th><th>बढी भुक्तानी</th></tr>
<tr><td>४९९</td><td>सोरौबोटे लिफ्टिङ खानेपानी योजना</td><td>४९१८७००.६२</td><td>२६००००</td><td>२०९४२८७.६७</td><td>१७०८०००</td><td>११०६८२०</td><td>६०११८०</td></tr>
<tr><td></td><td colspan="6">जम्मा</td><td>६०११८०</td></tr>
</table>
</td><td>६०१,१८०</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>
जनसहभागिता नुहुनेगरि उपभोक्ता समितिमार्फत कार्य<br><br>
सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(२) अनुसार उपभोक्ता समितिबाट गराउन सकिने कामको प्रकृति, परिमाण, लाग्ने रकम, उपभोक्ता समितिले व्यहोर्नुपर्ने रकम र अन्य आवश्यक कुराहरु खलाउनु पर्ने उल्लेख छ। यस पालिकाको उपभोक्ता समिति गठन व्यवस्थापन तथा परिचालन सम्वन्धी कार्यविधिको दफा ७(३) अनुसार उपभोक्ता मार्फत संचालन हुने आयोजनाको प्रकृति हेरि लागत सहभागिताको ढाँचा र अनुपात तोक्नुपर्ने उल्लेख छ। साथै यस पालिकाको नीतिगत निर्णयबाट उपभोक्ता समिति मार्फत संचालन गरिने विकास निर्माणका कार्यमा न्यूनतम २० प्रतिशत जनसहभागिता हुनुपर्ने र जनसहभागिता जुट्न नसक्ने विद्यालय भवन, स्वास्थ्य चौकि निर्माण लगायतका काम जनसहभागिता हुनु नपर्ने उल्लेख छ। यस कार्यालयले विद्यालय भवन, स्वास्थ्य चौकि, वडा कार्यालय भवन निर्माण लगायतका योजनामा जनसहभागिता नपर्नेगरि लागत
</td><td></td></tr>
</table>

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अनुमानको शतप्रतिशत उपभोक्ता समितिसँग खरिद सम्झौता गरि निर्माण सम्पन्न गरेको छ। यसरी जनसहभागिता व्यहोर्नु नपर्ने गरी उपभोक्ता समितिसँग सम्झौतागरि सम्पन्न गरेको आयोजनाको नमुना परीक्षण गर्दा आयोजनामा जनसहभागिता अंश समावेश नगरि लागत अनुमान तयार एवं मुल्याङ्कन भए वरावर वा न्युन जनसहभागिता राखी भक्तानी गरेको छ। कार्यालयले बोलपत्रको माध्यमबाट खरिद सम्झौता गरेका विभिन्न निर्माण योजनामा लागत अनुमानको ३६ प्रतिशतसम्म घटि रकममा निर्माण व्यवसायीसँग खरिद सम्झौता गरि निर्माण सम्पन्न गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा समुदायलाई हस्तान्तरण हुने, लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्दछ। यस किसिमका योजनाको कार्यान्वयन प्रतिस्पर्धि खरिद विधि अवलम्वनगरि निर्माण व्यवसायी मार्फत गराउदा उपयुक्त हुने देखिन्छ। केहि उदाहरणः | |

| भौ नं | निर्माण आयोजना | मुल्याङ्कन रकम | भुक्तानी रकम |
|---|---|---|---|
| ५२८ | वडा कार्यालय भवन निर्माण | ७१०९०८ | ७१०९०८ |
| ६४२ | संगम आधारभुत विद्यालय जग्गा सम्याउने कार्य | ५००००० | ५००००० |
| ६४५ | श्री कुमारी प्राथमिक विद्यालय | १९६१६६१ | १९६१६६१ |
| ७०१ | पञ्चमुनिदेव मा वि बालमैत्री पूर्वाधार निर्माण | ८००००० | ७८८००० |
| ७५१ | ९ नं वडा कार्यालय कम्पाउण्ड वाल निर्माण | ५९३५८३ | ५९३५८३ |
| ८२० | तारी प्रा वि भवन तथा कम्पाउण्ड निर्माण | १०२७००९ | १०२७००९ |
| ८४८ | ८ नं वडा कार्यालय ट्रष्ट निर्माण | १४०११८५।४६ | १४००००० |

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **मृत्यु पश्चात भुक्तानी**<br>सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सुचिबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नु पर्ने व्यवस्था भएकोमा लेखापरीक्षणका क्रममा नमुना छनोट गर्दा केही वडाहरुमा पालिकाले चौमासिक भत्ता वितरण गर्दा देहायको व्यक्तिको मृत्यु पश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता असुल गरि संघिय संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु. | ११६,७५८ |

| सि.न. | लाभग्राहीको प्रकार | लाभग्राहीको नाम | वडा न. | मृत्यु मिति | निकासा भएको | निकासा हुनुपर्ने | बढी निकासा |
|---|---|---|---|---|---|---|---|
| १ | ज्येष्ठ नागरिक अन्य | मिना कुमारी श्रेष्ठ | ०४ | २०७८।०८।०२ | १२००० | ४२७० | ७७३० |

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | ज्येष्ठ नागरिक अन्य | बुद्धिसरा माल | ०८ | २०७८।०४।०९ | १२००० | १२०० | १०८०० |
| ३ | ज्येष्ठ नागरिक अन्य | ख्याम लाल पौडेल | ०८ | २०७८।०५।०६ | १२००० | ४८०० | ७२०० |
| ४ | ज्येष्ठ नागरिक अन्य | सोम बहादुर कुमाल | ०८ | २०७८।०५।२२ | १२००० | ६९३४ | ५०६६ |
| ५ | ज्येष्ठ नागरिक अन्य | कर्ण बहादुर सेन ठकुरी | ०८ | २०७८।०४।१५ | १२००० | २००० | १०००० |
| ६ | ज्येष्ठ नागरिक अन्य | जौ माया राना | ०८ | २०७८।०६।१३ | १२००० | ९७३४ | २२६६ |
| ७ | ज्येष्ठ नागरिक अन्य | जित बहादुर सदा संकर | ०८ | २०७८।०६।२८ | ४१०० | ० | ४१०० |
| ८ | ज्येष्ठ नागरिक अन्य | निन माया भट्टराई | ०८ | २०७८।०८।०२ | १२००० | ४२७० | ७७३० |
| ९ | ज्येष्ठ नागरिक अन्य | सेति सरा थापा | ०८ | २०७८।०९।०६ | १२००० | ८८०० | ३२०० |
| १० | ज्येष्ठ नागरिक अन्य | खिमा कुमाल | ०८ | २०७८।१०।१६ | २४००० | २००० | २२००० |

<table>
<tr><th>क्रम</th><th>भौ नं</th><th>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>११</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>रुद्र बहादुर सेन ठकुरी</td><td>०८</td><td>२०७८।११।२९</td><td>१२०००</td><td>८०००</td><td>४०००</td></tr>
<tr><td>१२</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>सुमित्रा माल</td><td>०८</td><td>२०७८।११।२८</td><td>१२०००</td><td>८०००</td><td>४०००</td></tr>
<tr><td>१३</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>बोधराज भट्टराई</td><td>०८</td><td>२०७८।११।०१</td><td>१२०००</td><td>४०००</td><td>८०००</td></tr>
<tr><td>१४</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>सम माया भट्टराई</td><td>०८</td><td>२०७९।०३।०७</td><td>१२०००</td><td>८९३४</td><td>३०६६</td></tr>
<tr><td>१५</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>रुक्मलाल पाध्या</td><td>१०</td><td>२०७८।११।१५</td><td>१२०००</td><td>६०००</td><td>६०००</td></tr>
<tr><td>१६</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>धन कुमारी अधिकारी</td><td>११</td><td>२०७८।०५।१३</td><td>१२०००</td><td>५७३३</td><td>६२६७</td></tr>
<tr><td>१७</td><td>ज्येष्ठ नागरिक अन्य</td><td>खड्क बहादुर शाही</td><td>११</td><td>२०७८।११।२०</td><td>१२०००</td><td>६६६७</td><td>५३३३</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td></td><td></td><td></td><td></td><td>११६७५८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६७</td><td></td><td></td><td>झोलुङ्गे पुलको ठेक्का व्यवस्थापन<br><br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ को उपनियम ७ बमोजिम कार्यालयले खरिद विधि छनौट, प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन लागत अनुमान तयार गर्ने तथा बोलपत्र आह्वान गर्ने कार्य प्रथम चौमासिक अवधि भित्र सम्पन्न गर्नुपर्ने व्यवस्था छ। पालिकाले झोलुङ्गे पुलको लागि देहाय अनुसार ठेक्का व्यवस्थापन भएकोमा कार्य सम्पन्न भएको देखिएन। सम्झौता अनुसार कार्य सम्पन्न गर्नुपर्दछ। एक वर्षका लागि लगाएको ठेक्का ३ वर्षमा पनि कार्य सम्पन्न नहुने अवस्था देखिएको छ। तोकिएको समयमा कार्यसम्पन्न हुने गरी कार्य</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौ नं</th><th>मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>गर्नुपर्ने देखिन्छ। कार्यालयले समयमै नै कार्य सम्पन्न हुन नसक्नुका कारण स्टील पार्टको ठेक्का प्रक्रिया लगाइएतापनि कार्य अगाडि नबढेको र आर्थिक वर्ष २०७९।०८० मा कार्य पुरा गरिने भनाई प्राप्त भएको छ।
<table>
<tr><th>पुलको नाम</th><th>स्रोत</th><th>नगद</th><th>जिन्सी</th><th>जम्मा</th><th>भुक्तानी</th></tr>
<tr><td rowspan="3">क्वाङदीखोला झोलुङ्गे पुल</td><td>गाउँपालिका</td><td>६७३०६२</td><td>-</td><td>६७३०६२</td><td></td></tr>
<tr><td>समुदाय</td><td>-</td><td>१००७४४</td><td>१००७४४</td><td></td></tr>
<tr><td>संघीय झोलुङ्गे पुल</td><td>३९४७८२४</td><td>४३७०७६</td><td>४३८४९००</td><td>१०३८२५३</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>४६२०८८६</td><td>५३७८२०</td><td>५१५८७०६</td><td></td></tr>
<tr><td rowspan="3">मिलेनियन झोलुङ्गे पुल ट्रस</td><td>गाउँपालिका</td><td>२८४४३४</td><td>-</td><td>२८४४३४</td><td></td></tr>
<tr><td>समुदाय</td><td>-</td><td>४३७५९</td><td>४३७५९</td><td></td></tr>
<tr><td>संघीय झोलुङ्गे पुल</td><td>१८५९७६७</td><td>-</td><td>१८५९७६७</td><td>५२३०५४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२१४४२०१</td><td>४३७५९</td><td>२१८७९६०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६८</td><td></td><td></td><td>लालिमडाँडा खोरादि सडक निर्माण<br><br>लालिमडाँडा खोरादी सडक निर्माण गर्नको लागि निर्माण व्यवसायीले उक्त काम रु १०९६२९०१।३० मिति २०७८।१०।१८ मा सम्झौता गरी मिति २०७९।०३।१५ भित्र कार्य सम्पन्न गर्ने उल्लेख भएकोमा उक्त कामको लागि प्रथम रनिङ बिलबाट रु ३३९९१८६ भुक्तानी भएको छ। सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम म्याद सकिनु भन्दा २१ दिन अगावै म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्था छ। तर लेखापरीक्षण अवधि सम्म पनि म्याद थप भएको नदेखिएकोले उक्त निर्माण व्यवसायीले क्षतिपूर्ति लगाई म्याद थप गरी निर्माण सम्बन्धी काम सकाउने तर्फ पालिकाले ध्यान दिनुपर्ने देखिन्छ। लालिमडाँडा खोरादी सडक पिच गर्ने काम उपभोक्ता समितिबाट भई रु २८४२१५० भुक्तानी भएको छ। सो सम्बन्धमा देखिएका व्यहोराहरुः<br>क) उपभोक्ता समितिबाट पिचको कामः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर एक्ट्राभेटर रोलर डोजर ग्रेडर जस्ता हेभी मेशिन प्रयोग गर्न सकिने छैन भन्ने उल्लेख छ। पालिकाले लालिमडाँडा खोरादी सडक स्तरोन्नती तथा पिच गर्नको लागि लागत अनुमान रु ६००१०३७।४८</td><td>४७३,६९२</td></tr>
</table>

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | भएको काम उपभोक्ता समितिबाट रु १००१०३७ र पालिकाबाट रु ५०००००० मिति २०७८।१२।०८ मा सम्झौता गरी मिति २०७९।०२।३० सम्म सम्पन्न गर्ने उल्लेख भएको उक्त सडक पिच गराउने काम जटिल प्रकृतिको भएको देखिएकोले यस्तो किसिमको कामको सार्वजनिक निर्माण गराउँदा उपभोक्ता समिति मार्फत नगराई ठेक्काको माध्यमबाट गराउनु उपयुक्त हुने देखियो।<br>ख) जनसहभागिताः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार पालिका र जनसहभागिता वापत उल्लेख भए अनुसारको योगदान कट्टा गरेर भुक्तानी गर्नुपर्ने उल्लेख छ। उपभोक्ता समितिले प्रथम रनिङ बिल कन्टिन्जेन्सी खर्च समेत रु २८४२१५१ को मूल्याङ्कन गरेको देखियो। उक्त बिलको भुक्तानी गर्दा उपभोक्ता समितिको योगदान गरेको रु ४७३६९२ कट्टी गरेर मात्र भुक्तानी गर्नुपर्नेमा उपभोक्ता समितिले गरेको कामको जनसहभागिता कट्टी नगरेकोले उक्त रकम उपभोक्ताबाट असुल गर्नुपर्ने रु ४७३६९२।<br>ग) म्याद थपः सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ बमोजिम उपभोक्ता समितिलाई म्याद थप गर्ने सम्बन्धी व्यवस्था भएको देखिँदैन। उक्त उपभोक्ता समितिसँग भएको सम्झौता अनुसार मिति २०७८।१२।०८ मा शुरु गरी मिति २०७९।०२।३० भित्र कार्य सम्पन्न गर्ने उल्लेख भएकोमा ठेक्काको म्याद थप भएको छैन भने सम्झौता अनुसार कार्य सम्पन्न पनि भएको देखिँदैन। उपभोक्ता समितिको काम सोही आर्थिक वर्षको शुरुवातमै सम्झौता गरी सोही आर्थिक वर्षभित्र सम्पन्न गर्न सक्ने गरी सम्झौता गर्नुपर्दछ। सम्पन्न हुन नसक्ने काम उपभोक्ता समितिबाट गराउनु मनासिब भएको देखिएन। | |
| ६९ | | | **ठेक्का व्यवस्थापन** | |
| ६९.१ | | | यस पालिकाको ठेक्का व्यवस्थापन सम्बन्धमा देखिएका व्यहोरा तपशिल बमोजिम रहेका छनः | |

| क्र सं | निर्माण योजना | निर्माण व्यवसायी | सम्झौता रकम | अवधी | म्याद थप |
|---|---|---|---|---|---|
| १ | ढोरवाराहि मार्ग मर्मत | विनु कन्स्ट्रक्सन | ४५४१९९९.९६ | ०७८।४।१८-०७८।७।३० | ०७९।९।३० |
| २ | कोल्ड स्टोर निर्माण | जय नेपाल ईश्वर सित जेभि | २३६४१०१५ | ०७७।१२।१९-०७९।९।३० | म्याद रहेको |

| क्रम | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | गुवेखोला मोटरेवल पुल | बाबुल अफ्जल खान जेभि | १४४४०३९२ | ०७७।४।१३-०७८।३।२० | ०७९।३।३० |
| ४ | जोरवरदेखि नाम्सिकोट अलैव मार्ष | दिपज्यति ए वि जेभि | ५८८२९१८ | ०७७।८।२६–०७८।३।१५ | ०७९।०३।३० |
| ५ | ७ नं वडा कार्यालय निर्माण | पारस निर्माण सेवा | ४५८८८५२.६५ | ०७७।८।२६-०७८।३।१५ | अधुरो योजना |
| ६ | उदेशढुंगा स्वास्थ्य चौकि निर्माण | विजि निर्माण सेवा प्रा लि | २९५३२२० | ०७८।१०।२०–०७९।३।१५ | ०७९।९।३० |
| ७ | १० नं वडा कार्यालयदेखि खोरादि जाने बाटो | टिवि कन्सट्रक्सन प्रा लि | ३०२८३७७.६६ | २०७८।१०।१८ – २०७९।०३।१५ | ०७९।९।३० |
| ८ | साँखे थुम्किडाँडा मोटर मार्ग | वि वि निर्माण सेवा | ३२८३१५६ | ०७८।१०।२०-०७९।३।१५ | ०७९।९।३० |
| ९ | पालिका चमेनागृह भवन निर्माण | पासा कन्स्ट्रक्सन | ४७३८१४७.५७ | ०७८।१०।१५ – ०७९।३।१५ | ०७९।९।३० |
| १० | शुक्ला मार्ग स्तरोन्नती | टिवि कन्सट्रक्सन | १०९६२९०१.३० | २०७८।१०।१८ – २०७९।०३।१५ | ०७९।९।३० |

| | | | | |
|---|---|---|---|---|
| ६९.२ | | | **म्याद थपः** सार्वजनिक खरिद ऐनको दफा ५६ बमोजिमको अवस्थामा खरिद सम्झौता बमोजिमको काम त्यस्तो सम्झौताको अवधि भित्र पुरा गर्न नसकिने भएमा सम्बन्धित निर्माण व्यवसायीले कारण खुलाई सम्झौताको म्याद सकिनु कम्तिमा २१ दिन अगावै निवेदन दिनु पर्ने र त्यस्तो निवेदन प्राप्त भए पछि निवेदकको उल्लेखित कारण मनासिव देखिएमा शुरु सम्झौता अवधिको पन्ध्र प्रतिशत सम्मको अवधिको म्याद थप बोलपत्र स्वीकृत गर्न अधिकारीले र सो भन्दा बढी पच्चीस प्रतिशत | |

| क्र म | भौ नं | मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | अवधि सम्मको म्याद थप गर्नु पर्ने भएमा विभागीय प्रमुखले थप गर्न सक्ने साथै उल्लेखित अवधि भन्दा बढी अवधिको म्याद थप गर्नु पर्ने मनासिव कारण भएमा सम्बन्धित मन्त्रालय वा निकायको सचिवले थप गर्न सक्ने उल्लेख छ । तर उक्त म्याद थप सम्बन्धि सम्पुर्ण निर्णय सम्झौता अवधिभित्र गरिसक्नु पर्ने व्यवस्था सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा उल्लेख छ। उपरोक्त क्र सं १, ३, ४, ६, ७, ८, ९, १० का योजनाको सम्झौता अवधिभित्र निर्माण कार्यसम्पन्न हुन नसकि म्याद थप भएको र म्याद थप भएको अवधीभित्र समेत प्रगति सन्तोषजनक देखिदैन। क्र सं २ को योजना शुरु सम्झौता अवधि भित्रै रहेपनि कार्यतालिका अनुसार निर्माण कार्य हुन सकेको छैन। यसबाट कार्यालयको ठेक्का व्यवस्थापन प्रभावकारी नरहने देखिन्छ। | |
